**<u>मिति २०८२/०६/०२ गते बिहिबार, १७८ औं कार्यपालिका बैठक</u>**

**<u>प्रस्तावहरुः</u>**

१. विषम परिस्थीबारे छलफल सम्बन्धमा।

**निर्णय नं. १**

१.१ मिति २०८२/०५/२३ र २४ गते भएको आन्दोलनका क्रममा ज्यान गुमाउनु भएका मृतकहरु प्रति श्रदान्जली व्यक्त गरियो। घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरियो।

१.२ मिति २०८२/०५/२४ गते भएको आन्दोलनका क्रममा घोराही उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुमा भएको आगजनी तथा तोडफोडबाट भएको क्षतीको प्रारम्भिक विवरण उपर छलफल गरियो।

१.३ स्रोतमा पर्न सक्ने चापलाई मध्यनजर गर्दै अर्को निर्णय नभए सम्मका लागि तपसिल बमोजिमको बुँदाहरु कार्यान्वयन गर्न महाशाखा/शाख तथा वडा कार्यालयहरुलाई निर्देशन दिने।

१) अर्को निर्णय नभए सम्मका लागि सबै प्रकारका आयोजना तथा कार्यक्रम कार्यान्वयन नगर्ने।
२) सबै प्रकारका आर्थिक सहायता बन्द गर्ने।
३) समिति लगायत सबै प्रकारका बैठक भत्ता बन्द गर्ने।
४) विविध खर्चमा मितव्ययियिता कायम गर्ने।
५) वडा कार्यालयहरुले कार्यालय संचालनको लागि वडा कार्यालयको बजेटबाट नै न्यूनतम लागतमा संरचना (भवन) मर्मत, मेशिन, उपकरण तथा फर्निचर खरिद गर्ने।
६) नगर कार्यपालिकाको कार्यालय संचालन गर्नका लागि न्यूनतम लागतमा संरचना (भवन) मर्मत, मेशिन, उपकरण तथा फर्निचर खरिद गर्ने।